बिस्मिल्लहिर्रहमानिर्रहीम

ईश–दूतत्व (रिसालत्) या पैगम्बरी आकाशे धर्महरू जस्तै यहूदी धर्म वा ईसाई धर्मको लागि अपरचित चीज होइन । इस्लाम धर्ममा त यसको विशेष स्थान र महत्व छ । इस्लाम धर्म अनुसार अल्लाहले (ईश्वरले) मानिसहरुलाई एउटा श्रेष्ठ उद्देश्यको लागि संसारमा जन्माएको छ । अर्थात यो कि मानिस उसको उपासना गरोस तथा अल्लाहले भनेको बाटोमा हिँडोस र उसैको शिक्षा तथा मार्गदर्शन्को आधारले सफा–स्वच्छ जीवन ब्यतीत गरोस । यो कुरा कि अल्लाहले मानिसहरु बाट के गराउन चाहन्छ ? यो कुरा स्पष्ट र ब्यावहारिक ढँगले सामुन्ने न आए सम्म त्यो कसरी आफूलाई जन्माइनुको उद्देश्यलाई पुरा गर्न सक्दछ ? यहीं ईश्–दूतत्वको ( पैगम्बरीको) जरूरत आभास (मह्सुस ) हुन्छ । सत्य त यो छ कि अल्लाहले (ईश्वरले ) आफ्नो सन्देश मानवहरु सम्म पुऱ्याउन्को लागि प्रत्येक जाति, समुदाय तथा समाजमा त्यसै मध्ये बाट रोजेर आफ्ना ईश–दूत (पैगम्बर) पठाएको छ ।

एउटा मानिस सोध्न सक्दछ कि ईश–दूतहरूको (पैगम्बरहरुको) चयन ( छनौट) कसरी हुने गर्दथ्यो र मान्य पदको अधिकारी को को भएका छन् ?

ईश–दूतत्व अल्लाहको देन हो उ जसलाई चाहन्छ उसैलाई दिन्छ । जसरी पनि होस इतिहासका धेरै ईश–दूतहरुको बारेमा जानकारी प्राप्त गरिसके पछि तीन कुराहरु सामुन्ने आएका छन् । जुन कुनै पनि ईश्दूतको लागि अनिवार्य छ ।

१. एउटा यो कि उ आफ्नो जाति समाजमा नैतिक र बौद्धिक दृष्टिले सब भन्दा असल (राम्रो) हुन्छ । यस्तो हुनु अनिवार्य पनि हो किन भने ईश्दूतको जीवन उसका अनुयायीहरुको लागि नमूना (ढाँचा) हुन्छ । उसको ब्यक्तित्व नै मानवलाई सन्देश स्वीकार गर्ने अभिलाषा उत्पत्ति गर्छ । यदि उ अपूर्ण चरित्र को भयो त मानवहरु उसबाट टाढा भईहाल्छन् । यस कारण ईश–दूत (पैगम्बर) कोमल् , जनप्रिय , निर्दोष र उदार हुन्छ । अर्थात उसबाट पापको काम हुँदैन । यदि उसबाट कुनै त्रुटि(गल्ती) हुने सम्भावना भए पनि अल्लाह (ईश्वर) ले तुरन्त उसको संशोधन वाणी गरिदिन्छ ।

२. दोस्रो कुरा यो कि उनलाई चमत्कार(मोज्जा) दिइन्छ । यो स्पष्ट गर्नका लागि कि उनले कुनै पनि ढोंग अथवा नाटक गरिरहेका छैनन् । चमत्कारहरु अल्लाहको तर्फबाट (ईश्वरको कृपाले ) हुन्छन् र त्यो क्षेत्रमा हुन्छन् जसमा उनीहरुका जाति र समाजवासीहरु आफूलाई शक्तिशाली वा बढेको ठानेर अभिमान गरेका हुन्छन् । संसारमा तीन ठूला धर्महरुका तीनवटा ईश्दूतहरुको चमत्कारलाई हामी उदाहरणमा लिन् सक्दछौं । यी धर्म हुन् यहूदी , ईसाई , र इस्लाम । ईशदूत (पैगम्बर) हजरत मूसाको जमानामा (समयमा) जादूको (मन्त्रको) धेरै जोर थियो भने उनको सबभन्दा ठूलो चमत्कार यो थियो कि मिश्रका जादूगरहरुको जोरलाई (शक्तिलाई) उनले उन्मूलन् गरे । हजरत ईसाको पालामा (समयमा) चिकित्सक्हरुको धेरै जोर (शक्ति) थियो । यस् कारण उनको चमत्कार मृतक्लाई जिउँदो बनाउनु र असाध्य रोगहरुलाई नष्ट गर्नु कुरा थियो । हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको जमानाका अरब् समुदायहरु आफ्नो सशक्त र सुन्दर काव्यको लागि प्रसिद्ध थिए । यसकारण हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको महान र ठूलो चमत्कार कुरआनलाई बनाइयो ।



अनि कुरआन जस्तो साहित्य, अरबका कवि,साहित्यकार,तथा वक्ताहरुले रच्न सकेनन्, जबकि कुरआनले स्वयं आफू जस्तो रचना बनाई ल्याउन्को निम्ति पटक–पटक चुनौती दियो । फेरि यो कि हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमका चमत्कारहरुलाई सार्ववेशिक् र सार्वकालिक बनाउनु थियो । कुरआन यो कसौटीमा पनि पूर्ण सक्षम छ । यो कुरा स्वयं आफू ईश ग्रन्थ हुनुको प्रमाण पनि हो ।

३. तेस्रो यो कि सबै ईशदूतहरुले यो स्पष्ट रूपले भनेका छन् कि वहाँले जे पनि प्रस्तुत गरिरहेका छन् त्यो उहाँको आफनो होइन बरु सबै अल्लाहको कृपाले (ईश्वरको तर्फ बाट) र मानव हितमा आएको छ । यस्तो उनले यसकारण गरे ताकि मानवसमाज यस विषयमा सन्तुष्ट रहुन् कि उसले अल्लाहको सन्देशनै पुऱ्याएको छ । जो प्रत्येक को स्वामी हो । प्रत्येक युगमा मानवहरुको स्वामी हो । साँचो कुरा त यो नै छ कि प्रत्येक ईशदूतको सन्देश एउटै थियो । पूर्व आएको सन्देश र पछि आएको सन्देशमा कुनै भिन्नता छैन ।

ईश्दूतहरु माथि यो अनिवार्य हुन्छ कि उनले अल्लाहको मार्गदर्शन र उसका शिक्षाहरुलाई मानिसहरु सम्म पुऱ्याउन् । हामीलाई थाहा छैन कि हामी किन पैदा गरिएका हुन् ? देहान्त भए पछि के होला ? के मरिसके पछि कुनै जीवन पनि छ ? के हामीले आफनो कर्महरुको जवाबदेही पनि गर्नु छ ? अर्को शब्दहरुमा के हाम्रा कार्यहरुको पुरस्कार वा दण्ड पनि छ ? यिनी र यिनीहरु जस्तै धेरै प्रश्नहरुको उत्तर, जो अल्लाह, देवदूत,स्वर्ग, र नर्क आदिको विषय र सम्बन्धमा हुन् सक्दछ । सन्देशवाहकहरुले बताउनु भएन हामी थाहा पाउन् सक्ने थिएनौं । यी उत्तरहरुलाई प्रमाणित पनि हुनु पर्ने र यस्ताहरुको माध्यम द्वारा मिल्नु पर्ने , जसमाथि हाम्रो विश्वास छ र जसको हामी सम्मान गर्दछौं । यही कारण छ कि ईश्दूतहरु (पैगम्बरहरु) आफनो जाति, र समाजबाट चुनिएका हुन्छन् आफ्नो चरित्र वा आचरणको दृष्टिले पनि र आफ्नो विवेक तथा क्षमताहरुको दृष्टिले पनि । ईश्दूतहरुलाई चमत्कारिक रुपबाट अल्लाहको समर्थन् मिलेको हुन्छ र उनीहरु अल्लाहको सन्देशलाई अविराम पुऱ्याउने गर्दछन् ।

ईशदूतहरुको सन्देशको सार(निचोर) यस प्रकार प्रस्तुत् गर्न सकिन्छ ।

(क) अल्लाहको बारेमा स्पष्ट धारणा कि अल्लाह एकलै छ उही सबको प्रतिपालक हो । अल्लाह बाहेक कोही पूजनीय छैन ।

(ख) अतीत लोक (नदेखेको संसार) फरिश्ताहरु (देवदूत) जिन्नात,स्वर्ग, नर्क , प्रलयको दिन, आदिको स्पष्ट कल्पना ।

(ग) अल्लाहले हामीलाई किन जन्मायो ? ऊ हामीहरुबाट के गराउन् चाहन्छ ? उसको आज्ञापालन् गरेमा वा नगरेमा के पुरस्कार वा दण्ड हुनेछ ? यिनीहरुको स्पष्ट उत्तर ।

(घ) उसको इच्छा अनुसार समाजलाई कसरी चलाऔं ? अर्थात यो कि स्पष्ट नियम र विधान कि जसलाई यदि सत्यपूर्वक र ईमान्दारीले लागू गरौं भने उसका परिणामहरुमा सुन्दर र आदर्श समाजको जन्म भइहाल्नेछ ।

माथिको वार्ताबाट यो कुरा एकदमै प्रष्ट छ कि ईश्दूतहरुको सट्टामा उनीहरुको पद्मा अरु कुनै हुन् सक्दैन । आज पनि जबकि विज्ञानले धेरै नै प्रगति गरिसकेको छ प्राकृतिक् जगतको बारेमा प्रमाणित सूचनाहरुको माध्यम यदि कुनै हुन् सक्दछ भने त्यो3अल्लाहको सन्देश (ईश्वाणी) नै हुन् सक्छ । न त विज्ञानबाट र न त रहस्यमय अनुभवहरु बट यसमध्ये कुनै कुरा बाट पनि सोझो बाटो पाउन् सकिदैन । पहिलो कुरा त अति नै भौतिक्वादी र अति सीमामय छ तथा दोस्रो कुरा धेरै नै ब्यक्ति सापेक्ष तथा अति नै दोधारमा (बिर्साउने) पार्ने खालको ।

**यहाँ एउटा ब्यक्ति सोध्न सक्दछ :–** कि अल्लाहले (ईश्वरले) मानिसहरुको माझमा कति ईश्दूतहरु पठाए ? वास्तवमा हामी केही भनन् सक्दैनौं । केही मुस्लिम विद्वानहरुको विचार छ कि २,४०,००० , ईशदूतहरु आएका छन् होला । हामी विश्वास संग त्यती नै बताउन सक्दछौं जतिका उल्लेख कुरआन मजीदमा भएको छ । अर्थात यो कि अल्लाहले प्रत्येक जाति समाजमा एक वा यस भन्दा धेरै पैगम्बर (ईश्दूतहरु) पठाएका छन् । यसतो यस कारण कि यो अल्लाहको नियम् हो कि त्यो उनबाट कहिल्यै जवाफ सोध्ने छैन जुन माथि यो स्पष्ट न होस कि के गर्नु छ र के गर्नु छैन ? कुरआनले २५ ईशदूतहरुको उल्लेख गरेको छ र यो पनि स्पष्ट गरेको छ कि ईशदूतहरु त अरु पनि धेरै छन् जुन्को उल्लेख भएको छैन । यी २५ ईशदूतहरुमा हजरत नूह , इब्राहीम , मूसा , ईसा , अलैहिमुस्सलाम र हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम् प्रमुख हुन् । यी पाँच पैगम्बरहरुलाई (ईश्दूतहरुलाई) ऊलुल् अज्म (सर्वोत्तम र दृढ प्रतिज्ञा) को नामले स्मरण गरिन्छ । इस्लामी अकीदामा(धारणामा) ईशदूतत्वको एउटा पहलू(विषय,आधार) यो पनि हो कि मुसल्मान बिना कुनै अपवादको अन्य ईश्दूतहरु प्रति ईमान ल्याउँछन् । (अर्थात विश्वास राख्दछन् ) र उनीहरुको मान–सम्मान गर्दछन् । यस कारण कि यी अन्य ईश्दूतहरु ऋल्लाहको तर्फ बाट पठाइएका हुन् र ती सबै को उद्देश्य एउटै थियो । यसले गर्दा उनी सबैहरु प्रति ईमान ल्याउनु (विश्वास राख्नु) र उनीहरुलाई मान्नु अनिवार्य पनि हो र तर्क संगत पनि । कसैलाई मान्नु र कसैलाई न मान्नु यो अल्लाहका पैगम्बरहरुको बारेमा गलत् बिचार राख्नुको परिणाम हो । संसारमा मात्र मुसलमान नै यस्ता छन् जुन् सबै ईश्दूतहरुलाई मान्दछन् र उनी सबैहरु प्रति विश्वास राख्नु अनिवार्य सम्झन्छन् । जब कि यहूदीहरु हजरत ईसालाई र हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम्लाई मान्दैनन् । ईसाई हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम्लाई इनकार गर्दछन् र वास्तविक्ता त यो हो कि उनीहरु ह्जरत मूसा अलैहिस्सलामलाई पनि मान्दैनन् यस कारण कि उनीहरु ह्जरत मूसाको धर्मको प्रति बिमुखता देखाउँछन् । मुसल्मान अल्लाहका अन्य पैगम्बरहरु प्रति विश्वास राख्दछन् जो ले आ–आफ्नो समयमा मानवहरुलाई सोझो र साँचो मार्ग दर्शन् गर्नु भए । **कुरआनमा वाणी भएको :–**(( भन् कि हामी ईमान ल्याएँ ( विश्वास राखें) अल्लाह प्रति र उस मार्गदर्शन् प्रति जुन् हामीतिर अवतरित भएको (ओर्लेको) छ । र जुन इब्राहीम ,इस्माईल, इस्हाक, याकूब तथा याकूबका सन्तानतिर अवतरित भए को थियो र जुन् मूसा , ईसा , र अरु अन्य सन्देशवाहकहरुलाई उनीहरुको पालनकर्ता (अल्लाह,ईश्वर) तिरबाट दिइएको थियो । हामी उनीहरुको बीच कुनै भेदभाव गर्दैनौं र हामी अल्लाहको आज्ञाकारी छौं । (२–१३६)

कुरआनले निम्न आयत्हरुमा (कुरआनका श्लोकहरुमा) मुसलमानहरुलाई मार्गदर्शन गराउँदछ कि यो साँचो र अटुट विश्वास हो । यदि अर्का कौमहरु(जाति,समाजहरु) यसै ढगंबाट ईमान्‌ ल्याउँदछन्
(विश्वास राख्दछन्) भने उनीहरु सँचो मार्गमा हिँड्न थाल्दछन् । यदि उनीहरुले यस्तो गर्दैनन् भने त उनीहरुले यो भोगनु पर्ला । हेर्नुस् कुरआन भन्दछ । (( फेरि यदि उनीहरु इसरी ईमान ल्याउन् जसरी तिमी ल्याएका छौ त उनीहरु अल्लाहको बाटोमा (धर्ममा) छन् र यदि यसबाट विमुख् भए (मुख् फेरे ) भने स्पष्ट (खुल्ला) कुरो छ कि उनीहरु पथभ्रष्ट भएका छन् । यसकारण सन्तुष्टि राख कि उनीहरुको मुकाबलामा ( प्रतिस्प्रर्धामा–प्रतियोगितामा) अल्लाह (ईश्वर) तिम्रो मद्दत र मार्गदर्शन्को लागि पर्याप्त छ । त्यो सबै कुरा सुन्छ र उसलाई सबै कुराको बारेमा थाहा छ । हे सन्देशवाहक मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम् मानिसहरु सित भनि देऊ कि तिमीहरु अल्लाहको धर्ममा (इस्लाममा) लाग । अल्लाहको धर्म भन्दा बेश अरु क्सको धर्म होला ? (२–१३७ , १३८ )

पैगम्बर(ईश्दूत) पठाइनुको उद्देश्य के हुन्छ ,त्यो मानिसहरु बीच आएर के गर्दछ ? कुरआनले यस प्रति धेरै नै प्रकाश पार्दछ । अहिले जबकि पैगम्बरहरुको (ईशदूतहरुको) सिल्सिला (कम) बन्द भईसकेको छ र यस श्रृंखलाको अन्तिम कडी हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम्ले पनि यस जगत्मा आगमन् (तश्रीफ) गरिसक्नु भएको छ । अन्तिम ग्रन्थ कुरआन पनि प्रकट(अवतरित)भइसकेको छ । कुरआनको त्यो आदेशहरुमा अवश्य नै दृष्टि राख्नु पर्दछ जुन उसले अन्य ईश्दूतहरु प्रति ( पैगम्बरहरुप्रति) ईमान ल्याउन्को बारेमा (विश्वासको बारेमा) भनेको छ । अर्थात कुरआन मजीदमा भनिएको छ । ((हे हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम वास्तवमा तिमी ईश्दूतहरु मध्ये बाटै हौ ।)) ( सूरा यासीन –३) ((हे हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम भनि देऊ कि म कुनै पृथक (अलग् –निराला) सन्देशवाहक (पैगम्बर) छुइन । )) (सूरा अह्काफ ९ ) (( हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम अल्लाहका रसूल (सन्देश्वाहक–ईश्दूत) हुन् यिनी भन्दा अघि अरु धेरै सन्देशवाहकहरु आइसकेका छन् । )) ( आले इम्रान १४४) (( वास्तवमा ईमान ल्याउनेहरु (विश्वास राख्नेहरु ) प्रति अल्लाहको धेरै उपकार छ कि उसले उनीहरुको माँझमा स्वयं उनीहरु म्ध्येबाट एउटा यस्तो रसूल (ईश्दूत) मनोनयन् (छनौट) गऱ्यो जो उनीहरुलाई कुरआनका आयत्हरु (श्लोकहरु) सुनाउदछ र उनलाई शुद्ध पार्दछ (अर्थात शिर्क तथा बहुदेववादबाट) एवं उनीहरुलाई किताब (कुरआन) तथा राम्रो तरीका ( हदीस) को शिक्षा दिन्छ नत्र यस भन्दा अघि त यिनीहरु अन्य गुम्राही ( पथभ्रष्टतामा) परिएका थिए । )) ( आले इम्रान १६४) (( अल्लाहको कसम् मैले ( हे हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम) तिमी भन्दा पहिले अलग् अलग् (बेगला बेगलै) समूहहरुतिर दिब्योपदेश (निर्देशन) पठाएँ तर यसपछि शैतानले उनीहरुका नराम्रा तथा गलत् कार्यहरुलाई उनीहरुका लागि उत्तम(सुन्दर) बनाई दियो । अतः आज त्यही शैतान उनीहरुको सर्वेसर्वा (अभिभावक) बनेको छ र उनीहरु दुःखपूर्ण दण्डको हक्दार (भागीदार) बनि सकेका छन् र मैले तिमीहरु मथि यो किताबलाई ( कुरआनलाई ) मात्र यसकारण अवतारित गरें ताकि तिमी त्यस सत्यतालाई उनीहरुको सामु स्पष्ट गरिदेऊ जसमा उनीहरुको माझमा भेदभाव भएको छ र यसका लागि पनि कि यो किताब (कुरआन) मार्गदर्शन्
र कृपा होओस ती मानिसहरुको लागि जुन यसको आग्रह (निमन्त्रण) स्वीकार गरुन ।)) ( अन्नहल् ६२–६४)

(( हे मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम् भनि देऊ कि हे मानिसहरु म तिमी सबैका लागि त्यस अल्लाहको रसूल (सन्देशवाहक) हूँ जो आकाशहरु र जमीनको बादशाहीको स्वामी (मालिक) हो, जसबाहेक कुनै अर्को पूजनीय छैन, जो मृत्यु र जिउँदो गर्नेवाला हो , त्यसैले ईमान ल्याऊ (विश्वास राख) अल्लाहप्रति (ईश्वरप्रति) र उनको रसूल (सन्देशवाहक) नबी–ए–उम्मी प्रति , जो अल्लाह र उसका वाणीहरु प्रति ईमान राख्दछ ,र उसैको आज्ञापालन् गर हुन सक्दछ कि तिमी सोझोबाटोमा लाग्न सकौ । )) (आराफ १५८) (( मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम् तिम्रा पुरुषहरु मध्ये कसैको बुबा (पिता) होइनन् , तर उहाँ अल्लाहको रसूल ( दूत) र ईशदूतहरुको निरन्तरता (सिल्सिला) समाप्त गर्नेवाला हुन् । )) ( सूरा अह्जाब ४०)

यही मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम् हुन जुन अरबको शहर मक्कामा छटौं सताबदीमा जन्मिए । चालिस वर्षको उमेरसम्म मक्काका बासीहरु हजुरलाई आदर्श चरित्र एवं आचरणमा सत्यवादी तथा अमानत्दार ब्यक्ति मान्दथे । पैगम्बर (इशदूत) बनाइने भन्ने कुराको ज्ञान त स्वयंम् हजुरलाई ( मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम्लाई) पनि थाहा थिएन । पैगम्बरी (ईशदूत्व) पद मिलेपछि वहाँ त्यसका दायित्वहरुलाई निभाउन् लागे । कुरआन अवतरित हुन शुरु भ्यो । जसले महाप्रलय सम्मका मानवहरुलाई यो मार्गदर्शन गर्न सकोस , यसकारण कि उहाँ अल्लाहको अन्तिम पैगम्बर (ईशदूत) हुनुहुन्थ्यो ।

** समाप्त **

सङ्कलन्कर्ता
अन्तर्राष्ट्रिय मुस्लिम युवा सघं रियाद

नेपाली अनुवदक
अबू फैसल्/ आबिद बिन सनाउल्लाह मदनी
इस्लामिक सेन्टर उनेजा सऊदी अरब

प्रकाशक
इस्लामिक सेन्टर उनैजा अल्कषीम पोस्ट बाक्स न०–८०८ फोन न०–०६–३६४४५०६–३६५४००४ सऊदी अरब

N0: 5

# इस्लाम धर्ममा ईश–दूतत्व

الانبياء فى الاسلام - باللغةالنيبالية

प्रकाशक
उनैजा इस्लामिक सेन्टर अल्कसीम पोस्ट बाक्स न०–८०८–फोन न०–०६–३६४४५०६–३६५४००४
सऊदी अरब

UNAIZAH ISLAMIC CENTER
ALQASEEM P.O.BOX.NO.808 TEL.-
06-3644506-3654004 K.S.A.